# नेपाल दूरसञ्चार प्राधिकरण
## पदपूर्ति सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति २०६६।०१।१०

नेपाल दूरसञ्चार प्राधिकरणमा रिक्त रहेको निम्न सेवा, समूहका पदहरुमा देहाय बमोजिम खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले नेपाल दूरसञ्चार प्राधिकरण (कर्मचारीको सेवाका शर्त सम्बन्धी) विनियमावली, २०६४ बमोजिम योग्यता पुगेका उम्मेदवारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र दरखास्त फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो (निर्दिष्ट ठाँउहरुमा) टाँसी दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त दिने अन्तिम मितिले सात दिनभित्र दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिनेछ। रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

| क्र. सं. | विज्ञापन नं. | पद, सेवा, समूह र श्रेणी | प्रतियोगिताको किसिम | माग पद संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | १६-०६५।६६ | सहायक निर्देशक, प्रशासन सेवा, कानून समूह, अधिकृत तृतीय श्रेणी | खुला प्रतियोगिता | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण र कम्प्युटर सम्वन्धी आधारभूत तालिम प्राप्त गरेको। | प्रथम पत्र, २०६६।२।१८ ०७:०० बजे<br>द्वितीय पत्र, २०६६।२।१९ ०७:०० बजे<br>तृतीय पत्र, २०६६।२।२० ०७:०० बजे |
| २ | १७-०६५।६६ | सहायक निर्देशक, प्राविधिक सेवा, इञ्जिनियरिङ्ग समूह, अधिकृत तृतीय श्रेणी | खुला प्रतियोगिता | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रोनिक्स तथा टेलिकम्युनिकेशन, रेडियो ब्रोडकास्टिङ्ग तथा रेडियो टेलिकम्युनिकेशन वा ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा टेलिकम्युनिकेशन मुख्य विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरेको। | प्रथम पत्र, २०६६।२।१८ ०७:०० बजे<br>द्वितीय पत्र, २०६६।२।१९ ०७:०० बजे<br>तृतीय पत्र, २०६६।२।२० ०७:०० बजे |
| ३ | १८-०६५।६६ | सहायक, प्रशासन सेवा, सहायक प्रथम श्रेणी | खुला प्रतियोगिता | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको। | प्रथम पत्र, २०६६।२।२१ ०७:०० बजे<br>द्वितीय पत्र, २०६६।२।२२ ०७:०० बजे |
| ४ | १९-०६५।६६ | सहायक, प्रशासन सेवा, सहायक प्रथम श्रेणी (महिला) | खुला प्रतियोगिता | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको। | प्रथम पत्र, २०६६।२।२१ ०७:०० बजे<br>द्वितीय पत्र, २०६६।२।२३ ०७:०० बजे |
| ५ | २०-०६५।६६ | सहायक, प्रशासन सेवा, सहायक प्रथम श्रेणी (आदिवासी जनजाती) | खुला प्रतियोगिता | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत तालिम प्राप्त गरेको। | प्रथम पत्र, २०६६।२।२१ ०७:०० बजे<br>द्वितीय पत्र, २०६६।२।२४ १४:०० बजे |

**द्रष्टव्य :**

१. दरखास्त फारमः- दरखास्त फारम रु.२०।- बुझाई नेपाल दूरसञ्चार प्राधिकरणको कार्यालय त्रिपुरेश्वर काठमाडौंबाट प्राप्त गर्न सकिनेछ।

२. परीक्षा दस्तुरः- अधिकृत तृतीय श्रेणीको लागि रु.५००।- र सहायक प्रथम श्रेणीको लागि रु.२५०।- नबिल बैंकमा रहेको प्राधिकरणको खाता नं.०१०६०११६६४२०१ मा जम्मा गरेको बैंक भौचर संलग्न गर्नुपर्नेछ।

३. सम्पर्क मितिः-दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।

४. परीक्षाको किसिमः- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता।

५. दरखास्तसाथ पेश गर्नुपर्ने कागजातः- नेपाली नागरिकताको प्रमाणपत्र तथा एस.एल.सी. र सोभन्दा माथिको शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति दरखास्त साथ संलग्न गर्नुपर्नेछ। साथै विदेशी शिक्षण संस्थाबाट प्रमाणपत्र पाएका उम्मेदवारहरुले अनिवार्य रुपमा समकक्षताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।

६. तलव र सुविधाः नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृत र प्रचलित विनियमानुसार हुनेछ।

७. पदले गर्नुपर्ने कामः सम्बन्धित सेवा, समूहले गर्नुपर्ने कार्यहरु।

८. प्रवेश पत्र : परीक्षा सञ्चालन हुनु पूर्व नै अनिवार्य रुपमा प्रवेशपत्र लिई सक्नु पर्नेछ। प्रवेशपत्र सम्पर्क मितिको दिनबाट प्राधिकरणको प्रशासन शाखाबाट वितरण गरिनेछ। परीक्षा हलमा प्रवेशपत्र वितरण गरिने छैन।

९. परीक्षा केन्द्र : परीक्षा केन्द्र सम्पर्क मितिको दिनमा प्राधिकरणको सूचना पाटीमा टाँस गरिनेछ ।

१०. दरखास्त दिने अन्तिम मितिका दिन सार्वजनिक बिदा पर्न गएमा सार्वजनिक बिदापछिको कार्यालय खुलेको दिनलाई दरखास्त दिने अन्तिम मिति मानिनेछ ।

११. पाठ्यक्रम प्राधिकरणको वेभसाइटः **http://www.nta.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

१२. शैक्षिक योग्यता तथा उमेरको हकमा दोब्बर दस्तुरको लागि तोकिएको समय मान्य हुने छैन ।

१३. विस्तृत जानकारीको लागि प्राधिकरणको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।